का.जि.प्र.का.द.नं. १००/०५९/६०

वर्ष १८, अंक ६६
७ बैशाख २०७७, आइतबार
19 April 2020, Sunday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

**अपडेट: शनिबार साँझसम्म**

| | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा |
|---|---|---|---|---|
| नेपालमा | ३० जना | ३ जना | ८०१७ | ११७ |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | २२ लाख ७५ हजार | पाँच लाख ८२ हजार | एक लाख ५६ हजार | १५ लाख ३७ हजार |




# निको हुँदै घर फर्कंदै

**शुक्रबार एकै दिन १४ जनामा संक्रमण देखिए सँगै नेपालमा संक्रमित संख्या भने ३० पुगेको छ । त्यस मध्ये पहिलो संक्रमित निको भइसकेका छन् भने शनिबार फ्रान्सबाट फर्किएकी युवती सँगै ६५ वर्षीया बृद्धा समेत निको भएर फर्किएकी छन् ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ वैशाख

नेपालकी छैटौं कोरोना सङ्क्रमित महिलालाई कोरोना निको भएको छ। बागलुङ नगरपालिका-३ गौडाकोटकी ६५ वर्षीया कोरोना सङ्क्रमित महिलाको तेस्रो र चौथो पटकको रिपोर्ट नेगेटिभ अर्थात् कोरोना निको भएको आएको धौलागिरि अञ्चल अस्पताल बागलुङका मेडिकल सुपरिटेन्डेन्ट डा शैलेन्द्र वि पोखरेलले बताए ।

ती बृद्धा १७ दिनदेखि उपचाररत थिइन् । गएको चैत ४ गते बेल्जियमबाट कतार हुँदै बागलुङ फर्किएकी उनलाई चैत १७ गते कोरोना सङ्क्रमण भएको पुष्टि भएपछि धौलागिरि अञ्चल अस्पतालको आइोलेशनमा भर्ना गरी उपचार भइरहेको थियो । कोरोना सङ्क्रमण भएको पुष्टि भएपछि धौलागिरि अञ्चल अस्पतालको आइसोलेशन वार्डमा उपचाररत महिलाको यसभन्दा पहिले दुई पटक स्वाब परीक्षण गर्दा पोजेटिभ आए पनि तेस्रो र चौथौ पटक नेगेटिभ आएका कारण उहाँलाई कोरोना ठीक भएको गण्डकी प्रदेश स्वास्थ्य कार्यालयका प्रमुख सुरज गुरौंले जानकारी दिए।

अस्पतालबाट डिस्चार्ज भएकी महिलालाई अझै केही समय घरकै क्वारेन्टाइनमा बस्नुपर्ने डाक्टरहरुले बताएका छन्। नेपालमा ती महिला कोरोना निको हुने तेस्रो सङ्क्रमित हुने बताइएको छ । शनिबार नै फ्रान्सबाट फर्किएकी युवती पनि निको भएर घर फर्किएकी छन्। गएको चैत ३ गते फ्रान्सबाट काठमाडौं आएकी ती युवतीमा चैत १० गते कोरोना संक्रमण देखिएको थियो ।

कोरोना संक्रमण देखिए पछि उनी काठमाडौंस्थित शुक्रराज ट्रफिकल सरुवा रोग केन्द्रको आइसोलेसनमा राखिएको थियो । तर, उनी निको भए पछि शनिबार अस्पतालबाट डिस्चार्ज गरिएको छ ।



फ्रान्सबाट फर्किएकी कोरोना संक्रमित युवती निको भएपछि शनिबार अस्पतालबाट डिस्चार्ज हुँदै ।

यो सँगै नेपालमा संक्रमित भएका तीन जना निको भइसकेका छन् । अझै २७ जना संक्रमित उपचारका क्रममा छन्। शुक्रबार एकै दिन १४ जना नयाँ संक्रमित भेटिएका थिए । उदयपुरमा १२ र चितवनमा दुई जनामा कोरोनाको संक्रमण देखिएको थियो । अहिले उनीहरुसँग सम्पर्कमा आएकाहरुको समेत कडा निगरानी भइरहेको सरकारले जनाएको छ । गएको चैत ११ गतेदखि यो महामारी रोक्न लकडाउन जारी राखेको सरकारले मुलुकको स्वास्थ्य सेवालाई सहज र प्रभावकारी बनाउँदै सङ्क्रमण फैलिन नदिन स्वास्थ्य संस्थाको सेवालाई व्यवस्थित गरेको जनाएको छ।

स्थानीयदेखि बहुविज्ञ सेवा प्रदान गर्ने अस्पतालको सेवा प्रवाहलाई निश्चित गरी सेवा चुस्त बनाइएको जनाएको छ । बिरामीको सङ्ख्यामा हुनसक्ने सम्भावित वृद्धि र त्यसपछिको उत्पन्न हुनेसक्ने असहज परिस्थितिलाई मध्यनजर गरी सरकारले कोभिड-१९ र अन्य स्वास्थ्य सेवा प्रवाहका लागि अन्तरिम निर्देशिका जारी गर्दै तहगतरुपमा बाँकी पृष्ठ २ मा

# लकडाउनमा नरोकिएका यात्रा

**सरकारले बन्दाबन्दीमा अत्यावश्यक बाहेकका काममा घरबाट बाहिर निस्कन रोक लगाए पनि राजधानीबाट पैदल भएर बाहिरिनेको क्रम रोकिएको छैन ।**

**मध्यान्ह संवाददाता**
ललितपुर, ६ वैशाख ।

कोभिड-१९को जोखिम हुन नदिन लकडाउन जारी रहदा पनि गोदावरी नगरपालिकाको चापागाउँ सडक हुँदै कान्ति लोकपथबाट घर फर्किनेको क्रम जारी छ। जबकी सरकारले अत्यवाश्यक बाहेकका काममा घरबाट बाहिर निस्कन रोक लगाएको छ । गएको चैत ११ गतेदेखि नै हिडडुलमा रोक लगाए पनि राजधानीबाट पैदल बाहिरिनेको संख्या घटेको छैन ।

“आफू यता बस्यो परिवार र आफन्तको चिन्ता लाग्छ । कति दिन परिवारको पिर गरेर मन एकातिर ज्यान अर्कोतिर गरेर बस्ने”, नाम र स्थान नखुलाउँदै एक पुरुषले गहभरि आँशु झार्दै भने । उनले भने, “के थाहा यो रोगको नियन्त्रण कहिले हुन्छ । आपत् विपत्मा परिवारसँगै बसौं भन्ने लाग्दो रहेछ। गाउँ पुग्न पाए परिवारसँगै बसी भए भात नभए खोलेफाँडो भए पनि खाउँला । दुःख गरौं । परिवारलाई खुशी दिउँ भनेर राजधानी छिरियो । हिँड्दा हिड्दै परिवारको मुख पो देख्न नपाउने हो कि ! भन्ने डर पनि छ । ”

यात्राका क्रममा सडकमा दुईबाट चार र चारबाट आठ थपिँदै जाँदा सामाजिक दूरी कायम गर्न सकिन्न । सबैको पीडा एकै किसिमको छ। सबैलाई परिवार भेट्नु पनि छ । “सडकमा हिँड्दा एक यात्रुले बाँकी पृष्ठ २ मा



**कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि लगाइएको लकडाउनको २६औं दिन शनिबार घर जान हिँडेकाहरू ललितपुरको लुभूमा बस्दै ।** *तस्वीरः रोशन सापकोटा*

# कति सम्भव छ कामदार फर्काउन ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ बैशाख

विश्वव्यापी खतरनाक संक्रमणका रुपमा फैलिरहेको कोरोना भाईरसका कारण जोखिममा परेका कामदारलाई बचाउन चार्टर फ्लाईट गरेर भएपनि कामदार फर्काउनु पर्ने माग तीव्र रुपमा उठेको छ। कामदार फर्काउने क्रम शुरु भए कति कामदार स्वदेश फर्किएलान् ? यो प्रश्नको उत्तर खोज्ने क्रम पनि नेपालको विभिन्न क्षेत्रबाट एकैसाथ शुरु भएको छ ।

तर चार्टर फ्लाईट शुरु भएपनि ठूलो संख्यामा कामदार फर्काउन समस्या हुने पाकिस्तानको घटनाले देखाएको छ । हाल जोखिमपूर्ण काम गर्ने ठानिएका खाडीका ६ देश र मलेसियामा काम गरिरहेका कामदारहरुको संख्या लगभग २० लाखको हाराहारीमा रहेको आंकलन छ। के उनीहरु सबैलाई फर्काउन सम्भव छ ? पाकिस्तानको घटनाले भन्छ, परिस्थिति जटिल छ ।

पाकिस्तानले शनिवारबाट आफ्ना कामदार फर्काउन सात ओटा शहरबाट चार्टर फ्लाईट शुरु गरेको छ। तर चार्टर गरिएको जहाजको भाडा कामदाहरुको क्षमता भन्दा बाहिर देखिएको छ। यूएईबाट पाकिस्तान आउन प्रति कामदार हवाई भाडा १५ सय दिराम करिब ५० हजार रुपैयाँ रहेको छ। त्यहाँबाट नेपाल आउन भाडा थप महंगो रहेको छ। चार्टर फ्लाईट गर्ने जहाजले एकैसाथ टु वे भाडा लिइरहेका छन् । कम्पनीमा काम रोकिएका कारण तलव नपाइरहेका कामदारहरुको खल्ती रित्तिन थालेको छ । जो जहाँ रहेका छन्, त्यहीँ रोकिनु पर्ने निर्णय गरेको सरकारले लगानी गरेर कामदार स्वदेश फर्काउने सम्भावना नरहेको एक व्यवसायी बताउँछन् ।

कोरोनाका कारण कति कामदारले रोजगारी गुमाउलान् ? यो प्रश्नको पनि उत्तर खोज्ने प्रयास जारी छ । तर तथ्याङ्क एकिन हुन सकेको छैन । राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. पुष्प कँडेल भन्छन्, ‘कोरोनाको माहामारी कसरी अडाडि बढ्छ त्यसकै आधारमा रोजगारी गुमाउने नेपाली कामदारको संख्या एकिन हुन्छ । हाल अनुमानमात्र लगाउन सकिन्छ, एकिन भन्न सकिँदैन ।’

कोरोना भाइरसको संक्रमणले अर्थतन्त्रमा सुस्तता आएपनि ठूलो संख्यामा नेपाली कामदारहरुले रोजगारी नगुमाउने कतिपयको आँकलन छ । हाल नेपाली कामदार हरुले गरिरहेको काम थ्री डि भनिने अत्यन्तै जोखिमपूर्ण र कम तलव पाउने श्रेणीका हुन्। पूर्व अर्थ सचिव रामेश्वर खनालको भनाइमा रोजगार गन्तव्य मुलुकमा सम्पूर्ण रुपमा जनजीवन वर्वाद नभएमा नेपाली कामदारहरु वीना उनीहरुको जीवन चलन सक्दैन । त्यस्तो अवस्थामा थोरै मात्र नेपाली कामदारहरुले रोजगारी गुमाउने अवस्था छ ।

## वैदेशिक रोजगार विशेष

### लोकतान्त्रिकद्वारा नगद धरौटी माग्ने निर्णय

काठमाडौं/मस- विश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाइरस (कोभिड १९) संक्रमणका कारण प्रभावित हुनसक्ने नेपालको वैदेशिक रोजगार क्षेत्र र कामदारलाई बचाउन वैदशिक रोजगार व्यवसायीहरुले राहतको मागलाई तीव्र पारेका छन् । कोरोना भाइरस संक्रमणको अन्त्य हुने लक्षण नदेखिएपछि विश्वकै अर्थतन्त्रमा नकारात्मक असर देखिन शुरु गरेको छ । अन्तर्राष्टिय मुद्राकोष, अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) लगायतले श्रम तथा रोजगारको क्षेत्रमा गम्भीर नकारात्मक असर पर्ने बताइरहेका छन् ।




यसै सन्दर्भमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोशिएसनले हालको विषम परिस्थितिले वैदेशिक रोजगार व्यवसायलाई धराशायी गर्ने सुनिश्चित रहेको भन्दै यही अवस्था निरन्तर रहने हो भने व्यवसायीहरुलाई कार्यालय सञ्चालन, कर्मचारी व्यवस्थापनदेखी सञ्चालकहरुकै जीवनयापनसम्मको लागि समेत ठुलो समस्या हुने बताएको छ ।

एशोशिएसन कार्यसमितिको बैठक शनिबार बसेको थियो । एशोशिएसनका अध्यक्ष नरेन्द्रप्रसाद ढकालको सभापतित्वमा बसेको बैठकमा वैदेशिक रोजगार व्यवसायीहरुका वर्तमान र बाँकी पृष्ठ २ मा

## COVID-19 NOVEL CORONA VIRUS (nCOV)

जनहितका लागि जारी जनचेतनामूलक सन्देश

नोबेल कोरोना भाइरस (Conid-19) का मूख्य लक्षणहरु

- ज्वरो (१००.४° F भन्दा माथि)
- श्वासप्रश्वासमा अत्याधिक समस्या
- रुघा र खोकी

नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।

कसरी आफू बच्ने र अरुलाई बचाउने ?

- नियमित रूपमा साबुन पानीले हात धुने ।
- खोक्दा र हाच्छ्युँ गर्दा नाक र मुख छोप्ने ।
- फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
- फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
- जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
- पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।

मध्यान्ह
Madhyanha National Daily राष्ट्रिय दैनिक

कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६

# बढ्यो प्रतिपक्षीय सक्रियता

**विश्वव्यापी कोरोना महामारी रोकथाम गर्न गएको चैत ११ गतेदेखि देशव्यापी लकडाउन घोषणा गरिएको छ। यसबीच, केही पटक बाहेक मन्त्रिपरिषदको बैठक बस्न सकेको छैन, तर प्रतिपक्षी दलको सक्रियता भने बढ्दो छ।**

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ बैशाख।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसले कोरोना रोकथाम तथा नियन्त्रणका क्रममा स्थानीय सरकारहरुले वितरण गरिरहेको राहत वितरण पारदर्शी हुन नसकेको निष्कर्ष निकालेको छ। शनिबार बिहान सभापति शेरबहादुर देउवाको निवास बुढानिलकण्ठमा बसेको पदाधिकारी बैठकले राहत वितरणमा पारदर्शी हुन नसकेको निष्कर्ष निकालेको हो।



बैठक पछि जारी विज्ञप्तिमा भनिएको छ, "सत्तारूढ दलको नेतृत्व रहेका कयौं स्थानीय तहमा राहत वितरणमा पक्षपातपूर्ण व्यवहार भएको प्राप्त विवरण अध्ययन पश्चात् बैठकले राहत वितरण कार्य न्यायोचित, पारदर्शी र व्यवस्थित बनाउन आग्रह गर्दै स्थानीय तहमा सर्वदलीय अनुगमनको व्यवस्था गर्न माग गरेको छ।" काँग्रेसले केन्द्र र प्रदेश सरकारले घोषणा गरेको राहत अझैसम्म निर्धारित क्षेत्र र व्यक्तिसम्म नपुगेकाले सरकारको ध्यानाकर्षण गराएको छ। काँग्रेसले तत्काल सरकारले घोषणा गरेको राहत बजेट सम्बन्धित व्यक्तिसम्म लैजान सरकारसँग आग्रह गरेको छ।

राजधानी लगायतका शहरमा खान बस्न संकट भएपछि पैदल घर फर्किरहेका नागरिकलाई बीच बाटोमा पानी र खानाको व्यवस्था गर्न काँग्रेसले आफ्नो पार्टी संगठनमा निर्देशन दिएको छ। काँग्रेसले भनेको छ, "अप्ठ्यारोमा परेका नागरिकलाई गाउँ पुग्ने प्रबन्ध अविलम्ब मिलाउन सरकारलाई आग्रह गरेको छ। सरकारले व्यवस्थापन गर्न ढिलाइ गरिरहँदा कहिँपनि कसैलाई पनि बाटोमा भोको पर्न नदिई गन्तव्यमा पुग्न सहजीकरण गर्न नेपाली कांग्रेसका साथीहरूलाई बैठकले अपील गरेको छ।"

काँग्रेसले साना ठुला सबै ब्यवसायीहरुले ब्यहोरिरहेको प्रतिकूल स्थितिमा निश्चित अवधिको ब्याज मिनाहा देखि ब्याज घटाउने सम्मको निर्णय गर्न संघीय, प्रदेश र स्थानीय सरकारसँग काँग्रेसले माग गरेको छ। संक्रमितको संख्या बढ्दै गएको एवं लकडाउनको अघिल्लो साता नेपाल फर्केका दुई लाख बढी नागरिकको न्यून संख्या मात्रै क्वारेन्टाइनमा बसेको स्थिति दृष्टिगत गरेर परिक्षणलाई समुदाय स्तरमा पुर्‍याउन अत्यावश्यक बनेको ठहर बैठकले गरेको छ। अतः 'घुम्ती परिक्षण शिविर' मार्फत परिक्षणको दायरा र गति बढाउन बैठकले माग गरेको छ।

नियमित रुपले संचालित अस्पतालमा कोरोना परिक्षण र उपचार गरिंदा त्यसले संक्रमण ब्यापक फैलन भूमिका गरेको कतिपय देशको अनुभवबाट शिक्षा लिंदै 'कोरोना उपचार केन्द्र' को अलग ब्यवस्था गर्न बैठकले सरकार समक्ष माग गरेको छ। अन्य रोगका बिरामीले यस बीचमा कयौं जिल्लामा सहज उपचार पाउन नसकेको बिषयलाई गम्भीरतापूर्वक लिएर कार्य गर्न बैठकले सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको प्रवक्ता विश्वप्रकाश शर्माले बताए।

फ्रन्ट लाइनमा रहेर कार्य गरिरहेका स्वास्थकर्मीहरुलाई कतिपय ठाउँमा हतोत्साहित गर्ने ब्यवहार भएको बिषयलाई गम्भीरतापूर्वक लिंदै बैठकले त्यस्तो स्थिति दोहोरिन नदिन एवं स्वास्थकर्मी र सुरक्षाकर्मी बीच कही पनि असमझदारी उत्पन्न हुन नदिन परिपक्व समन्वयका लागि सरकारको ध्यानाकर्षण गराएको छ। स्वास्थकर्मीहरुलाई पर्याप्त गुणस्तरीय पीपिइ अझैपनि पुर्‍याउन नसकिएको बिषयलाई सरकारको गैह्र जिम्मेवारीको हदका रुपमा लिंदै बैठकले सबै अत्यावश्यक सामग्री तत्काल पर्याप्त प्रबन्ध गर्न र उपलब्ध गराउन सरकार समक्ष माग गरेको छ। सामग्री खरिदको अनियमिततामा संलग्नलाई पदमुक्त गरेर अनुसन्धानलाई सघाउन अघिल्लो बैठकले गरेको माग यो बैठकले पुनः दोहोर्‍याएको छ। साथै कुनैपनि प्रकृतिको दबाबबाट मुक्त रहेर अनुसन्धान गर्न बैठकले अपील गरेको छ।

काँग्रेसले बिदेशमा रहेका नेपाली श्रमिक, विद्यार्थी, ब्यवसायी एवं अप्ठ्यारोमा परेका सबै नेपालीको सुरक्षा र राहतका लागि उच्च स्तरीय कुटनैतिक पहल बढाउन सरकारलाई आग्रह गरेको छ। नेपाली दूतावासहरुलाई नेपालीको हितमा बिशेष सक्रियता बढाउन तथा नेपाली जनसम्पर्क समिति, एनआरएन एवं अन्य सबै संस्थालाई साझा जिम्मेवारी बोधले कार्य गर्न अपिल गरेको छ। अप्ठ्यारोमा परेका नेपालीलाई उद्दार गर्न आवश्यक अध्ययन र तयारी शुरु गर्न बैठकले नेपाल सरकारलाई आग्रह गरेको छ। उद्धार पश्चात् देशभित्र गर्नुपर्ने ब्यवस्थापन बारे पूर्व तयारीमा ढिलाइ नगर्न पनि बैठकले सरकारलाई सजग गराएको छ।

## उपत्यकामा लकडाउन
# प्रहरी देख्दासम्म पालना, ओझेल पर्नासाथ अवज्ञा

**सञ्चिता घिमिरे/रासस**
काठमाडौं, ६ बैशाख

कोभिड-१९ को जोखिम हुन नदिन लकडाउन जारी रहेपछि यसको अवज्ञा गर्दै सडकमा हिंड्ने र दिनभर पसल खोल्ने बढिरहेका छन्। काठमाडौं उपत्यकाका तीनै जिल्लामा प्रहरीको आँखा छलेर स्थानीयवासी खाद्यान्न किन्न र घुम्नका लागि हिँडिरहेको भेटिन्छ। शनिबार प्रहरीले पसल बन्द गराउन हिँडिरहँदा जडीबुटी, पेप्सीकोला, लोकन्थली, इमाडोललगायतका स्थानमा प्रहरीको आँखा छलेर पसल खोलिरहेको देखिन्थ्यो।



स्थानीय तहले कुन समयमा पसल खोल्ने भनेर तोके पनि यी स्थानमा पुग्दा दिनभरजसो नै भित्री भागमा पसल खुला पाइएको छ। अधिकांश पसलमा आधा सटर खोलेर व्यापार गरिरहेको देखिन्थ्यो। व्यापारीले प्रहरी र मिडियाका प्रतिनिधि आएको देख्नासाथ बन्द गर्ने र उनीहरु जानासाथ खोल्ने गरेका छन्। कतिपय व्यक्ति मोटरसाइकल र स्कुटरमा पानी, ग्यास किन्न हिँड्ने गरेको दृश्य विभिन्न स्थानमा दैनिक देखिन्छ।

तरकारी र खाद्यान्नका ती पसलमध्ये कतिपयले घरभित्रबाट दिनभर बिक्री गरेको देखिन्थ्यो। ती पसमा बिहान तोकिएको अवधिमा सामाजिक दूरी कायम गरेको भए पनि दिउँसोको समयमा एकै पटक भीडभाड देखिन्छ र धेरै उपभोक्ता एकैपटक पसलभित्र सामान किनिरहेका दृश्य भित्री सडक छेउमा पसलमा देखियो। नरेफाँटकी सन्ध्या चापागाईं दिउँसो झण्डै १२ बजेतिर चाउचाउ किन्न जाँदै गर्दा भेटिइन्। उनी बिहान आफूलाई याद नभएकाले अहिले किन्न हिँडको भन्दै थिइन्। प्रहरीको आँखा छलेर सामान किन्न जान उनी हतारमा थिइन्। उनले भनिन्, 'छोराछोरीले लकडाउन भने पनि भनेको कुरा नभइ मान्दैनन् अनि जानैपर्छ।'

खाद्यान्न किन्नका लागि मात्रै नभएर हावा खान वा खुट्टा तन्काउन हिँडेको भन्ने व्यक्ति पनि धेरै भेटिन्छन्। तीमध्ये कतिपय मधुमेह, उच्च रक्तचाप, मुटुरोगलगायतका दीर्घरोगका बिरामी छन्। घरमै बसिरहँदा गाह्रो हुने भन्दै दैनिक पाँच/दश मिनेट हिँड्ने गरेको लोकन्थलीका भीम मगरले बताए। झण्डै एक दशकदेखि मधुमेहको नियमित औषधि खाँदै आएका उनी पहिले बिहान-बिहान हिँड्ने गरेका थिए। लकडाउनका समयमा बिहान जतासुकै भीड भएकाले खाना खानासाथ हिँड्ने गरेको उनले बताए। उनले भने, 'खोला छेउमा कोही नभेटिने हुँदा मनोहरा किनारैकिनार हिँड्ने गरेको छु।'

लकडाउनको कार्यान्वयन गराउन प्रहरी मुख्य सडक र भित्री सडकमा समेत खटिएका देखिन्छन्। बिहान पसल बन्द गराउनेदेखि दिउँसो छड्के हेर्नका लागि प्रहरी खटिइरहेका छन्। प्रहरीले लकडाउन अवज्ञा गर्दै सडकमा हिँड्ने झण्डै तीन हजार ६०० लाई सडकमै तीन घण्टा उभ्याएर मात्रै पठाइरहेको महानगरीय प्रहरी परिसर काठमाडौंले जनाएको छ। लकडाउन अझै कडाइ गर्ने सरकारको निर्णयसँगै यस्तो कारवाहीमा पर्नेको संख्या बढिरहेको छ। अझै पनि धेरै नागरिकले लकडाउन मेरा लागि भन्दा पनि नेपाल प्रहरीका लागि भन्ने बुझ्दा यसको अवज्ञा भइरहेको चोकचोकमा खटिने प्रहरी बताउँछन्।

कतिपय व्यक्ति हातमा थोरै तरकारी बोकेर बिहानभरि घुम्ने गरेको पाइएको परिसरका प्रवक्ता होबिन्द्र बोगटीले जानकारी दिए। सरकारले अत्यावश्यक कामका लागि उपलब्ध गराएको 'सवारी पास' पनि दुरुपयोग भइरहेको छ। कतिपय व्यापारीको त्यही सटरमा पसल र त्यहीभित्र पकाउने, खाने र त्यही सुत्ने भएकाले पनि सटर आधा खोलिएको पाइएको छ। प्रहरीले कारवाही नगर्दा पनि गरेन भन्ने र गर्दा पनि त्यसको विरोध हुने गरेको उनको भनाइ छ। विभिन्न बहानामा छोटो दूरीमा हिँडिरहेका पैदलयात्रु हुन् वा काठमाडौं हुँदै काठमाडौं बाहिर घरसम्म जान लागेका नागरिकलाई रोक्दा र नरोक्दा दुवै अप्ठ्यारो भएको उनले बताए। अत्यावश्यक सामग्री किन्न जाँदा पनि प्रहरीले माक्स लगाउन, समूहमा नहिँड्न भन्ने गरेको छ। उनले भने, 'उल्टै प्रहरीलाई जे गरे के मतलब भन्दै झगडा गर्ने र एर्कोथरि सामाजिक सञ्जालमा भिडियो हाल्ने गर्छन्।'

आम नागरिकलाई सरकारले सामाजिक दूरी कायम गर्न भने पनि नेपाल प्रहरीमा लागु हुनसकेको छैन। प्रहरीले लामो समयसम्म र धेरै दिनदेखि कोरोना ड्युटी गरिरहेकाले छन्। उनीहरुले स्वास्थ्य सुरक्षाका लागि माक्स र स्यानिटाइजरको प्रयोग गर्दै लामो समयसम्म ड्युटीमा खटिरहेको उनले बताए। अरु नियमित ड्युटीसँगै लकडाउन कार्यान्वयनका लागि सडकमा खटिएका प्रहरीलाई काममा उत्साह जगाउन जरुरी छ। प्रहरीलाई एकातिर कामको चाप र अर्कातिर चुनौती दुवै भएको उनले बताए। नागरिकले मेरो लागि लकडाउन गरिएको हो भनी बुझेर घरमै बस्दा उनीहरु र प्रहरी दुवैलाई राम्रो हुन्छ। उनले भने, 'नेपाल प्रहरी अहिले पनि बिहान ५ बजेदेखि साँझ ६ बजेसम्म नियमित ड्युटीमा खटिइरहेका छन्।'

## पैसा छरेर फरार भएका महिला पक्राउ

**धनुषा/मस–** जनकपुरधामको महावीरचोकको बाटोमा पैसा छरेर फरार भएका दुई महिलालाई आज प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालयले दिएको जानकारीअनुसार पक्राउ परेका दुवै जना जनकपुरधाम उपमहानगरपालिका वडा नं ७ निवासी आमुना खातुन र अलिना खातुन रहेका छन्। उनी दुवै जना नातामा भाउजु र नन्द हुन्।

पक्राउ परेका दुवै जनालाई जिल्ला प्रहरी कार्यालयमा राखेर सोधपुछ तथा अनुसन्धान भइरहेको छ। ती महिलाले शुक्रबार दिउँसो वडा नं ५ महावीर चोकको सडकका विभिन्न ठाँउमा रु पाँच, रु १० र रु १०० दरका नोट छरेर फरार भएका थिए। स्थानीयले पैसा देखेपछि प्रहरीलाई खबर गरिएको थियो।

प्रहरीले सिसिटिभी फुटेजका आधारमा अनुसन्धान शुरु गरेको थियो। सिसिटिभी फुटेजमा मुख छोपेका दुई जना महिला देखिएपछि प्रहरीले तिनको खोजी तीव्र पारेको थियो। प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक रामेश्वर कार्कीका अनुसार सिसीटिभी फुटेज झिकाएर शङ्कास्पद देखिएका र स्थानीयले भनेको हुलियाका आधारमा महिलाको खोजी गरिएको थियो। सोहीअनुसार शनिबार जानकी नगरबाट उनीहरुलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक कार्कीले बताए।

## यशोधरामा मास्क, सबुन वितरणसँगै किटनाशक औषधि छरिंदै



**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, ६ बैशाख

कपिलवस्तुको यशोधरा गाउँपालिका वडा नं.२ को पहलमा वडाका सबै स्थानमा कोरोना भाइरसविरुद्ध सचेतना फैलाइएको छ। सचेतना फैलाउँदै नेपाली कांग्रेसका युवा नेता एवं जिल्ला समन्वय समिति सदस्य अनुप कुमार पाण्डेय तथा वडा अध्यक्ष अब्दुल रसिद मुसलमानको पहलमा साबुन पानीले हात धुने बानीको बिकास गराउन हरेक घरमा साबुन र मास्क वितरण गरिएको छ। साथै युवा नेता एवं समन्वय समिति सदस्य पाण्डेयले स्वयं आफनो हातबाट पुरै वडामा किटनाशक औषधिसमेत छर्केका छन्। सक्रियरुपमा काम गर्दै आएका पाण्डेयले विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरसलाई मध्यनजर गर्दै वडाका सम्पूर्ण घरहरुमा गई महामारीबाट बचन सचेतना समेत दिएका छन।

'अहिलेको समय सबै दल, पार्टीहरु एक भई यस महामारीबाट बाच्न एक अर्कालाई सहयोग गर्ने हो,' पाण्डेय भन्छन्, 'जनता रह्यो भने राजनीति पनि रहान्छ।' अहिले यस क्षेत्रमा कतिपय विपन्न वर्गका लागि खाद्यान्न आदि राहतको आवश्यकता महसुस भइरहेको छ। यस तथ्यलाई मध्यनजर गर्दै वडामा एक दुई दिनमा खद्यान्न सामग्रीहरु वितरण हुने जानकारी समेत युवा नेता पाण्डेयले दिए।

### निको..

स्वास्थ्य संस्थाको जिम्मेवारी छुट्याएको छ।

स्वास्थ्य सेवा सञ्चालनमा समुचित मार्ग निर्देश गर्न सरकारले जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ६४ ले दिएको अधिकार प्रयोग गरी उक्त निर्देशिकामार्फत तहगतरुपमा सेवा विभाजन गरेको हो। निर्देशिका जारी भएसँगै तोकिएको अस्पतालले निर्देशिकामा उल्लेख भएअनुसारको जिम्मेवारी निर्वाह गर्नुपर्नेछ।

प्राथमिक र विशिष्टिकृत सेवा प्रवाह गर्ने स्वास्थ्य संस्थामा कोभिड-१९ का शङ्कास्पद, सम्भावित र पुष्टि भएका बिरामीको व्यवस्थापन सरल र सहज बनाउन सरकारले उक्त निर्देशिका जारी गरेको स्वास्थ्य सेवा विभागका महानिर्देशक महेन्द्रप्रसाद श्रेष्ठले जानकारी दिए। निर्देशिकामा कोभिडबाहेकका स्वास्थ्य सेवालाई निरन्तरता दिन र कोभिड-१९ को प्रभावकारी उपचार तथा व्यवस्थापनका लागि आवश्यक व्यवस्था गरेको छ।

सेवाग्राहीलाई स्वास्थ्य संस्थासम्म सरल पहुँचका लागि स्थानीय तहले अवश्यक प्रबन्ध मिलाउने व्यवस्था गरिएको छ। कोभिड- १९ को शङ्कास्पद सम्भावित र पुष्टि भएका केसको व्यवस्थापनका लगि तहगत व्यवस्था गर्न भनिएको छ। महामारी अवधिभर कोभिड क्लिनिक सञ्चालन गरी शङ्कास्पद बिरामीलाई छुट्याइ सेवा सञ्चालन भइरहेको सरकारले जनाएको छ। मुलुकभरका अस्पताल र स्वास्थ्य संस्थालाई पाँच तहमा (लेबल)मा विभाजन गरिएको छ। कुन तहको स्वास्थ्य संस्थाले कस्तो सेवा उपलब्ध गराउने भन्ने स्पष्ट तोकिदिएको श्रेष्ठले बताए।

सरकारले कोभिड-१९ का बिरामीलाई अस्पताल पुर्‍याउनका लागि तयार पारिएको निर्देशिकाबमोजिम कोभिड केसका लागि सङ्घ, प्रदेश र जिल्ला तहमा आवश्यक एम्बुलेन्सकोसमेत व्यवस्था गरेको छ। काठमाडौं उपत्यकाको हकमा एम्बुलेन्स सेन्टर (१०२) र कोभिड कल सेन्टर ११३३ मार्फत सेवा प्रदान भइरहेको छ। उपत्यका बाहिर नेपाल प्रहरीको १०० र एम्बुलेन्स कल सेन्टर १०२ मा फोन सम्पर्क गरेर सेवा लिन सकिने स्वास्थ्य मन्त्रालयले जनाएको छ। कोभिडबाहेकका अन्य आकस्मिक र जटिल अवस्थामा समेत एम्बुलेन्स सेवा नियमित रहेको सरकारले जनाएको छ।

### लकडाउनमा...

अर्को यात्रुलाई कसरी दूरी कायम गर भन्नु। यात्रामा रहेका साथीलाई एक्लै छाडेर हिड्न सभ्यताले आजसम्म सिकाएको छैन", घर हिडेका एक यात्रुले भने।

गोदावरीको लेलेबाट कान्ति लोकपथ शुरुआत् हुने हुँदा गोदावरीको चापागाउँ हुँदै वाग्मती गाउँपालिमा, सो गाउँपालिकाको अन्त्य विन्दुमा वाग्मती नदी तरेपछि मकवानपुर जिल्ला हुँदै अन्त्यमा हेटौँडा छिर्ने मानिसको लर्को दैनिक करिब एक हजार हुने गरेको गाउँपालिकाका अध्यक्ष वीरबहादुर लोप्चनले बताए। उनले भने, "यो सडकखण्ड हुँदै घर बाहिरिने मानिसको क्रम रोकिएको छैन।"

बन्दाबन्दीमा किन हिँडेको प्रश्नमा यात्रुले भने, "कति दिन कोठामा बसेर खाने। अझ कति दिन बन्दाबन्दी थपिने हो थाहा छैन।"सरकारले बन्दाबन्दीभर कोठा भाडा मिनाह हुने कुरो अघि बढाए तापनि भाडा नै आय स्रोत हुने घरबेटीलाई कसरी हामी दिन्नौं भन्ने लागेर घर हिँडेको कति यात्रीले बताएका अध्यक्ष लोप्चनले बताए।

लोकपथ हुँदै घर बाहिरिने मानिस बढीजसो इँटाभट्टामा काम गर्ने र मजदूरी गरेर खानेखालका देखिन्छन्। बिहीबार राति पानी परेका बेला २०० मानिस गाउँपालिका वडा नं. ४ प्यूटार हुँदै भिजेर आइरहेका छन् भन्ने सूचना आएपछि यहाँको विद्यालयमा खाने र रात बस्ने व्यवस्था गरिदिएको उनले बताए। उनले भने, "दैनिक यहाँबाट मानिस घर बाहिरिने क्रम भएसँगै एक दिन त अति बिजोक अवस्था छ भन्ने सुनेर दुई गाडी मानिस वाग्मतीको तिनपानेदेखि ठिन्गीनसम्म लगभग ४० किलोमिटर सडक पार गरायौं। तिनपानेदेखि ठिन्गीनसम्म हिँड्न ठ्याम्मै एक दिनको सडक पार गर्ने समय लाग्छ।"

कान्ति लोकपथ हुँदै हेटौँडा छिरेपछि पूर्व-पश्चिमका विभिन्न जिल्ला पुग्न सकिन्छ। यो सडक भएर हेटौँडा जान छोटो दूरी रहेको छ। वातावरण सामान्य भएको समयमा निकै उपयोगी हुने यो सडक बन्दाबन्दीका बेला भने दुरुप्रयोग भइरहेको छ। ललितपुरको टीकाभैरवदेखि हेटौँडाको बुद्धचोकसम्म यस सडकको कूल लम्बाइ ७९ किलोमिटर रहेको छ।

### लोकतान्त्रिकद्वारा

दीर्घकालीन समस्याबारे गम्भीर छलफल भएको थियो। सो बैठकले अबको अवस्थामा म्यानपावर कार्यालय सञ्चालन गर्न समेत कठिन हुने भएकाले सरकारसँग नेपाल वैदेशिक रोजगार व्यवसायी संघमार्फत ईजाजतपत्र संस्थाहरुले राखेको नगद ५० लाख धरौटी फिर्ता माग्ने निर्णय गरेको एशोशिएसनका अध्यक्ष ढकालले जानकारी दिए।

नेपालको वैदेशिक रोजगार क्षेत्रमा आउन थालेको संकट झण्डै १६ वर्षअघि २०६१ भदौ १६ गते इराक काण्डको जस्तो नाजुक अवस्था सरह हुने भएकाले त्यस्तो अवस्थामा सरकारले व्यवसायीहरुलाई राहत दिनुपर्ने एशोशिएसनका महासचिव भवानी निरौलाले बताए।

२०६१ भदौ १५ गते इराकमा १२ नेपाली कामदारको आतंककारी समूहबाट हत्या भएपछि राजधानीमा वैदेशिक रोजगार व्यवसायीहरुका कार्यालयमा आक्रमण र आगजनी हुँदा ७५ करोडको क्षति भएको थियो। तोडफोडबाट २ सय ९७ म्यानपावरमा क्षति भएको थियो। तर व्यवसायीहरुले कोरोना भाइरसको संक्रमणले अर्थतन्त्रमा पारेको प्रभावले पार्ने क्षति तत्कालीन अवस्थामा भन्दा गम्भीर हुने आंकलन गरिरहेका छन्।

तत्कालीन समयमा सरकारले व्यवसायीको कार्यालय सञ्चालन गर्न व्यवसायीहरुलाई ईजाजतपत्रका लागि राखिएको धरौटी पाँच लाख उपलब्ध गराएको स्मरण गराउँदै एशोशिएसन महासचिव निरौलाले अहिलेको जटिल अवस्थामा व्यवसायीले राखेको धरौटी मध्येबाट ५० लाख रुपैयाँ व्यवसायीहरुलाई उपलब्ध गराइदिन संघमार्फत माग गर्ने निर्णय गरिएको बताए।

यसअघि संघका निवर्तमान अध्यक्ष रोहन गुरुङले पनि सामाजिक सञ्जालमार्फत यस्तै माग सार्वजनिक गरेका थिए। संघका सल्लाहकार समेत रहेका निवर्तमान अध्यक्ष गुरुङले कोरोना महामारीको कारण घोषित लकडाउन खुला भएता पनि वैदेशिक रोजगार व्यवसायीले कार्यलय सञ्चालन गर्न कम्तीमा ८ देखि १० महिना लाग्नसक्ने भन्दै उक्त अवधिसम्म व्यवसायीहरुलाई राहत दिन धरौटीबाट ५० लाख रुपैयाँ अल्पकालीन अवधिकालागि फिर्ता गरिनुपर्ने उल्लेख गरेका छन्। व्यवसायीहरुले हाल ईजाजतपत्रका लागि न्यूनतम ५० लाख नगद धरौटी राखेका छन्।

त्यसैगरी एशोशिएसनले विदेशमा नेपाली कामदारलाई रोजगारी दिइरहेका कम्पनीहरु धराशायी हुने अवस्था आएमा प्रभावित कामदारहारु खान, बस्न तथा महामारीबाट सुरक्षित गर्न सम्बन्धित देशमा रहेका नेपाली दूतावास तथा कुटनैतीक नियोगहरु मार्फत पहल गर्न समेत अनुरोध गरेको छ। त्यसैगरी एशोशिएसनले आफ्ना सदस्य व्यवसायीहरुलाई प्रभावित कामदारहरुको विवरण संघलाई उपलब्ध गराउन पनि आग्रह गरेको छ।

## रास्कोट नगरपालिकाले शुरु गर्‍यो लकडाउनमा अलपत्र परेकालाई उद्धार

**एपी न्यौपाने/मध्यान्ह**
काठमाडौ, ६ बैशाख

कालिकोटस्थित रास्कोट नगरपालिकाले विभिन्न स्थानमा रहेका नगरवासीहरुलाई उद्धारको कार्य अघि बढाएको छ। नगरपालिकाले शनीबार एक सुचना जारी गर्दै भारतलगायत नेपालकै विभिन्न स्थानमा लकडाउनका कारण अलपत्र परेका नगरवासीलाई उद्धारको कार्य अघि बढाएको जनाएको हो। नगरपालिकाका ३२ सय घरधुरीका करिब ५ हजार नगरबासी नगरबाहिर रहेका छन्। सोही अनुसार नगरपालिकाले आफ्ना नागरिक कुन स्थानमा कस्तो अवस्थामा रहेका छन भन्ने थाहा पाउन पहिलो चरणमा नामावली संकलन गर्ने काम गरिएको नगर प्रमुख काशीचन्द्र बरालले जानकारी दिए। उनले पहिलो चरणमा नामावली संकलन गरेर त्यसपछि उद्धारको प्रकृति हेरेर उद्धार गर्ने बताए।

रास्कोट नगरपालिका
कालिकोट

नगरपालिकाले प्रदेश सरकार र संघीय सरकारको समन्वयमा नामावली संकलनपछि उद्धारको कार्य अघि बढाउने छ। जसअन्तरगत कामको शिलसिलामा भारतका विभिन्न स्थानमा रहेका नगरबासीलाई पनि नगरपालिकाले उद्धार गर्ने भएको छ।

पछिल्लो समय विश्वभर फैलिएको कोरोना भाईरसका कारण विश्वका धेरै देशहरु लकडाउनको चपेटामा छन्। त्यसका कारण मानीसहरु आफ्नो स्थानसम्म जान अप्ठ्यारो भएको छ। नेपाल सरकारले लकडाउनको समय बढाउँदै जाँदा प्रायजसो नागरिकहरु अलपत्र परेको भन्दै नगरपालिकाले उद्धारको कार्य अघि बढाएको हो।

**कालिकोटमा असिनाको प्रभाव**

शनिबार साँझ कालिकोटका विभिन्न स्थानमा असिनापानीले ठुलो प्रभाव पारेको छ। शनिबार साँझ लगातार २० मिनेट परेको असिनाले शान्नीत्रिवेणी गाउँपालिका र रास्कोट नगरपालिका विभिन्न स्थानमा अप्ठ्यारो पारेका रास्कोट नगरपालिका प्रमुख काशीचन्द्र बरालले जानकारी दिए। उनका अनुसार लगातार २० मिनेट परेको असिना पानीले स्थानीय किसानको पाक्न लागेको गहूँबाली नष्ट गरिदिएको छ।

## अन्य प्रदेशबाट गण्डकीमा प्रवेश गर्न नपाइने

**कास्की/मस–** कोरोना भाइरसको जोखिम हुन नदिन गण्डकी प्रदेशमा अन्य प्रदेशबाट प्रवेशलाई सीमानाकाबाटै निषेध गरिएको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री एवं प्रदेशमा गठित कोरोना सङ्कट व्यवस्थापन कार्य सञ्चालन केन्द्रका संयोजक पृथ्वीसुब्बा गुरुङको अध्यक्षतामा शुक्रबार बसेको बैठकले जारी लकडाउनको प्रदेशमा कडाइका साथ पालना गराउन सो निर्णय गरेको बताइएको छ।

प्रदेशको एक जिल्लाबाट अर्को जिल्ला वा एक स्थानीय तहबाट अर्को स्थानीय तहमा हुनसक्ने आवतजावतलाई नियन्त्रण गरी सम्बन्धित जिल्ला र स्थानीय तहमा नै क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाउने निर्णय गरेको आर्थिक मामिला तथा योजनामन्त्री किरण गुरुङले जानकारी दिए।

मालबहाक ट्रक वा अन्य अत्यावश्यक सामान ढुवानी गर्ने सवारी साधनमार्फत अन्य प्रदेशबाट लुकीछिपी आएका मानिस तथा त्यसरी यात्रु ओसारपसार गर्ने सवारी साधनलाई समेत नियन्त्रणमा राखिने भएको छ। प्रदेश सरकार, जिल्ला प्रशासन कार्यालय र स्थानीय तहबाट भइरहेको राहत वितरणकार्यलाई एकद्वार प्रणालीमार्फत वितरण गर्ने र राहत वितरणमा असङ्गठित क्षेत्रका मजदुर, श्रमजीवी वर्ग र न्यून आय भएका व्यक्तिलाई निष्पक्ष वितरणका लागि प्राथमिकीरण गर्ने र सोको अभिलेख राखिने भएको छ।

# आईपीएलका प्रशिक्षक र स्टाफले तलब पाउने

**काठमाडौं, एजेन्सी -** कोरोना भाइरसका कारण इन्डियन प्रिमिय लिग हुने नहुने एकिन छैन । बीसीसीआईले अनिश्चित समयका लागि यो सिजनको आइपीएल स्थगित गरिसकेको छ । यदि आइपीएल नभएको खण्डमा सहभागि टिमका प्रशिक्षक र अरु सहयोगी स्टाफहरुले तलव पाउछन की पाउँदैनन् भन्ने प्रश्न उब्जिएको छ । यस्तैमा टिमहरुले यो सिजनको आईपीएल नभए पनि स्टाफ र प्रशिक्षकले नियमित तलव पाउने बताएका छन् ।



एक सिजनको आइपीएलका लागि प्रशिक्षक र सपोर्ट स्टाफको तलव आठ देखि १० करोड भारतीय रुपैयाँ हुनेगर्छ। यसपटक कोरोनका कारण प्रतियोगिताको टुंगो नभए पनि खेलाडीको अक्सन देखि नै पर्दापछाडी काम गरिरहेका स्टाफ र प्रशिक्षकले तोकेको रकम पाउने भएका छन् ।

तर प्रतियोगिता नभएको खण्ड्मा खेलाडीले भने एक सुका पनि नपाउने भएका छन। आइपीएलको नियम अनुसार प्रतियोगिता सुरु हुनुभन्दा अगाडी आधा र प्रतियोगिता सकिएपछि बाँकी रकम पाउने चलन छ । तर अब प्रतियोगिता नै नभएपछि खेलाडीले कुनै रकम नपाउने क्लवहरुले जनाएका छन् ।

यस्तैमा विदेशी खेलाडी र प्रशिक्षक प्रायःले भारत आउनका लागि मार्च महिनामा टिकट बुक गरेका थिए । तर आइपीएल स्थगित भएपछि उनीहरुले बुकिङ पनि रद्द गरेका छन् ।

आइपीएल नभएको खण्डमा बीसीसीआईले इन्सोरेन्सबाट कसरी रकम निकाल्ने भन्ने होमवर्क गर्न थालेको बताइएको छ । आईपीएलका लागि प्रायः टिमले तयारी सुरु गरिसकेका थिए । लकडाउन सँगै सबैले तयारी पनि रोकिसकेका छन् ।

# भारतमा कोरोना प्रभावितको संख्या बढ्दो

**नयाँदिल्ली, एजेन्सी-** भारतमा कोरोना भाइरसबाट प्रभावितको संख्या बढ्दो अवस्थामा छ । अहिलेसम्म १४ हजार बढीको संख्यामा कोरोना भाइरस पोजेटिभ भेटिएका छन् । पछिल्लो २४ घन्टामा ९ सय ९१ जना नयाँ संक्रमित फेला परेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाइएको छ ।

भारतमा देखिएका यी संक्रमितहरुमध्ये १ हजार ९९२ जना भने उपचारपछि निको भएर फर्किएका छन् । मन्त्रालयले दिएको जानकारीअनुसार हाल यहाँ ११ हजार ९०६ कोरोनाका संक्रमित विरामी अस्पतालमा उपचाररत रहेका छन् ।

भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले दिएको जानकारीअनुसार भारतभर गएको २४ घन्टायता मृत्यु हुनेको संख्या ४३ रहेको छ । योसँगै भारतमा कोरोना संक्रमणबाट ज्यान जानेको संख्या ४८० पुगेको छ ।

शुरुदेखि नै भारतको महाराष्ट्र कोरोना भाइरसबाट अत्यन्त प्रभावित राज्यको रुपमा रहेको यहाँको स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाउँदै आएको छ । शनिबार पनि यो क्रम जारी नै रहेको उक्त मन्त्रालयले जानकारी दिएको छ

महाराष्ट्र राज्यमा मात्र संक्रमितहरुको संख्या ३ हजार ३२३ जना पुगेको शनिबार उक्त मन्त्रालय बताएको छ ।

यसैबीच महाराष्ट्रमा ३३१ जना उपचारपछि निको भएर घर फर्किएका बताइएको छ । महाराष्ट्र हालसम्म कोरोना भाइरस संक्रमणबाट २०१ जनाको मृत्यु भईसकेको प्राप्त समाचारमा जनाइएको छ ।

महाराष्ट्रपछि कोरोना संक्रमणको दोस्रो स्थानमा दिल्ली रहेको छ । यहाँ मात्र १ हजार ७०७ जना कोरोना भाइरस संक्रमित रहेका छन् ।



दिल्लीमा कोरोना भाइरस संक्रमणबाट ४२ जनाको मृत्यु भईसकेको प्राप्त समाचारमा जनाइएको छ । यसैबीच ७२ जना भने उपचारपछि घर फर्किएका छन् ।

भारतमा यसरी दिन प्रतिदिन नयाँ नयाँ संक्रमितहरु थपिँदै जानु चुनौतीपूर्ण भएको यहाँका स्वास्थ्य अधिकारीहरुले जनाएका छन् ।

यसैगरी यस प्रकोपको प्रभावित भारतीय राज्य तमिलनाडु तेस्रो स्थानमा रहेको छ । तमिलनाडुमा कोरोना संक्रमण भएका व्यक्तिको संख्या १ हजार ३२३ जना पुगेको शनिबार बिहान प्राप्त समाचार जनाइएको छ ।

यी संक्रमितहरु मध्ये १८३ जना भने उपचारपछि घर फर्किएका छन् । तमिलनाडूमा कोरोना संक्रमणबाट १५ जनाको मृत्यु भईसकेको छ ।

कोराना प्रकोपको संक्रमणको चौथो स्थानमा राजस्थान रहेको र यहाँ १ हजार २२९ कोरोना संक्रमित रहेका शनिबार जनाइएको छ । ती मध्ये १८३ जना उपचारपछि घर फर्किसकेका छन्, भने एघार जनाको मृत्यु भएको छ ।

त्यसैगरी भारतको मध्यप्रदेश कोरोना भाइरसका संक्रमणको पाँचौ स्थानमा रहेको यहाँ १ हजार ३१० जना सक्रमित रहेका छन् । मध्यप्रदेशमा यस संक्रमित मध्ये ६९ जना निको भएर घर फर्किएका छन् भने ६९ जनाको मृत्यु भएको छ । यस प्रकोपबाट ज्यान गुमाउनेको संख्या मध्ये प्रदेशमा महाराष्ट्रपछि दोस्रो स्थानमा रहेको पाइएको छ ।

उत्तर प्रदेशमा कोविड १९ सक्रमण ८०५ जनामा रहेको छ भने, केरलामा ३९६ यो संक्रमण देखिएको छ । तेलङ्गना, गुजरात र छत्तीसगलगायतका राज्यहरुमा कोरोनाका संक्रमितहरु भेटिएका छन् । गएको २४ घन्टायता भारतमा पहिलेको तुलनामा धेरै संक्रमित भेटिएका जनाइएको छ ।

भारतमा संक्रमण बढदै गएपछि सरकारले कोरोना भाइरस (कोविड-१९) को संक्रमण रोक्नको बन्दाबन्दी (लकडाउन) लाई आगामी मे महिनाको ३ तारिखसम्म लम्ब्याएको घोषणा गरेको छ ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले गत महिना घोषणा गरेको २१ दिने लकडाउनको अवधि समाप्त हुँदै गरेको अवस्था पुनः १९ दिनको लकडाउनलाई जोडिएको घोषणा गरेका थिए ।

प्रधानमन्त्री मोदीले गत मङ्गलबार टेलिभिजनबाट सम्बोधन गर्दै भने, 'लकडाउनको अबको अवस्थामा अनुगमन कार्यलाई झनै कडा पारिनेछ। आगामी अप्रिल २० तारिखसम्म देशका विभिन्न राज्य तथा जिल्लामा लकडाउन के कसरी कार्यान्वयन भएको छ भन्ने बारेमा विशेष अनुगमन गरिनेछ ।' यदि राज्य तथा जिल्लाहरुमा लकडाउन राम्रोसँग कार्यान्वयन भएको देखिएमा ती क्षेत्रमा अप्रिल २० पछि अत्यावश्यक सेवा र वस्तुका लागि केही खुकुलो गरिने उनले बताएका थिए ।

# भारत छनोट भएकोमा पाकिस्तानको आपत्ति




**काठमाडौं, एजेन्सी–** आईसीसी महिला विश्वकप क्रिकेट प्रतियोगिता सन् २०२१ मा न्युजिल्याण्डमा आयोजना हुने छ । त्यसका लागि छनोट खेल हुनुपर्नेमा भारत र पाकिस्तानबीचका राजनीतिक खिचातानीका कारण दुईपक्षिय सिरिज आयोजना हुन सकेन । तर, आईसीसीले सिरिज रद्द भएपछि भारत र पाकिस्तानलाई समान अंक दिएको थियो । सोही अंकका आधारमा भारत अन्तिम चारका रुपमा एक दिवसीय क्रिकेटको विश्वकपमा पुग्दा पाकिस्तानले भने छनोट चरण पार गर्नुपर्ने भएको छ ।

आईसीसीको निर्णयविरुद्ध पाकिस्तान क्रिकेट बोर्ड (पीसीबी)ले आपत्ति जनाएको छ । अध्यक्ष एहसान मनीले भारतका कारण दुई पक्षिय सिरिज नभएकाले भारतलाई अंक दिनु नपर्ने तर्क गरेका छन् ।

उनले भारतका कारण सबै अंक पाकिस्तानले पाउनु पर्ने तर्क गर्दै पाकिस्तान सिधैं छनोट हुनुपर्नेमा भारतलाई छनोट गरेर आईसीसीले भेदभाव गरेको आरोप पनि लगाए ।

# तीन आश्रमलाई एनटीएको राहत



**काठमाडौं, मस–** कोरोना भाइरस (कोभिड १९) का कारण खाद्यान्नको समस्या भोगिरहेका ३ आश्रमलाई नेप्लिज तेक्वान्दो एकेडेमी (एनटीए) ले राहत प्रदान गरेको छ ।

एनटीएको पहलमा मुलपानीको बाल आश्रम, सुन्दरीजलको चेपाङ आश्रम र गागलफेदीको श्री ज्येष्ठ नागरिक सेवा केन्द्रलाई राहत प्रदान गरिएको हो । बाल आश्रममा ४०, चेपाङ आश्रममा २९ र केन्द्रमा ९ जना आश्रित छन् ।

नेपाल तेक्वान्दो संघका अध्यक्ष प्रकाशशमशेर राणा र व्यवसायी एवं समाजसेवी माधव मैनालीको सहयोगमा राहत प्रदान गरिएको एनटीएका अध्यक्ष अशोक खड्काले जनाएका छन् । आश्रमलाई दाल, चिउरा, चाउचाउ, चिनी, दालमोठ, आलु, तेल र ह्यान्ड सोप प्रदान गरिएको अध्यक्ष खड्काले जानकारी गराए । राहत वितरणमा कागेश्वरी मनोहरा नगरपालिका वडा ६ का अध्यक्ष प्रकाश फुयाँल र वडा १ का अध्यक्ष मकुन्द गजुरेलको पनि उपस्थिति रहेको थियो ।

यसअघि एनटीएले कागेश्वरी मनोहरा नगरपालिकाको विभिन्न ७ वडाका ८०, ललितपुर महानगरपालिकाका ४ र गोकर्णेश्वर नगरपालिका १ मा गरी ८५ परिवारलाई राहत वितरण गरेको थियो ।

# भारतले दक्षिण अफ्रिकालाई औषधि सहयोग गर्ने



नयाँदिल्ली, एजेन्सी- भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी र दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामापोसाबीच कुराकानी भएको भारतीय सञ्चारमाध्यमहरुले जनाएका छन् ।

भारतीय प्रधानमन्त्री मोदीले दक्षिण अफ्रिकाका राष्ट्रपति रामापोसालाइ फोन गरेका थिए । त्यस फोन सम्वादमा भारतले कोविड १९ सँग सम्बन्धित सबैखाले औषधीको आपूर्ति नरोक्ने जानकारी गराएको भारतीय प्रधानमन्त्रीको कार्यालयले जानकारी दिएको छ ।

उनीहरुबीच फोन सम्वादका क्रममा कोविड १९ ले आ-आफ्नो देशका साथै क्षेत्रीय र विश्वमा नै उत्पन्न गरेको चुनौतीपूर्ण परिस्थितिका विषयमा कुराकानी भएको बताइएको छ । भारतीय प्रधानमन्त्रीको कार्यालयले प्रकाशन गरेको विज्ञप्तिमा उनीहरुबीच आ-आफ्नो देशमा कोविड १९ को संक्रमण नियन्त्रणका लागि अवलम्बन गरेका उपायहरुका साथै देशको अर्थतन्त्रमा पार्ने असरलाई कम गर्नका लागि अपनाइएका उपायहरुका बारेमा पचि चर्चा भएको थियो ।

त्यस वार्ताका क्रममा भारतीय प्रधानमन्त्री मोदीले दक्षिण अफ्रिकाका लागि आवश्यक औषधीसहितको सहायता उपलब्ध गराउने जानकारी दिएका थिए ।

त्यस क्रममा प्रधानमन्त्री मोदीले दक्षिण अफ्रिकी राष्ट्रपति रामापोसाले आफ्नो देशमा पनि कोविड १९ को रोकथामका लागि गरेका प्रयासहरुको बारेमा प्रसंशा गरेका थिए ।

दक्षिण अफ्रिकी राष्ट्रपति रामापोसाले आफ्नो देशका साथै हाल अफ्रिकन युनियनको समेत अध्यक्षका हैसियतले कोविड १९ को संक्रमण रोक्न अफ्रिकी देशहरुमा गरेको पहलको प्रसंशायोग्य रहेको प्रधानमन्त्री मोदीले बताएका थिए ।

त्यस क्रममा प्रधानमन्त्री मोदीले कोविड १९ को रोकथामको प्रयासका लागि दक्षिण अफ्रिकाले गरेको प्रयासमाा भारत सरकारको पूर्ण सहयोग रहने धारणा राखेको विज्ञप्तिमा जनाइएको छ ।

भारत र दक्षिण अफ्रिकामा पछिल्लो समयमा कोविड १९ को संक्रमण बढ्दो रुपमा देखिएको छ । भारतमा त यस संक्रमणबाट १४ हजार भन्दा बढी नागरिक विरामी परेका छन् भने ४८० जनाको ज्यान गएको बताइएको छ ।

# कोरोनाभाइरसको महामारी चुनौतीसँगै अवसर पनि हो : गान्धी



**नयाँदिल्ली, एजेन्सी-** भारतको प्रमुख प्रतिपक्षी दल भारतीय राष्ट्रिय काँग्रेसका नेता राहुल गान्धीले कोरोनाभाइरसको महामारीले चुनौतीसँगै अवसरहरु पनि ल्याएको बताएका छन् ।

'कोरोनाभाइरसले धेरै चुनौतीहरु ल्याएको छ भने एउटा राम्रो अवसर पनि ल्याएको छ,' उनले भने ।

उनले अहिलेको सङ्कटलाई सही तरिकाले व्यवस्थापन गर्नका लागि सयौं भारतीय बैज्ञानिक, इन्जिनियर र तथ्याङ्कविद्लाई परिचालन गर्नु पर्नेमा जोड दिएका थिए ।

सामाजिक सञ्जाल ट्वीटरमार्फत् काँग्रेस नेता गान्धीले विज्ञहरुबाट रचनात्मक र नौलो उपायहरु लिएर लागु गर्नु अत्यावश्यक भएको उल्लेख गरेका छन् ।

# 'अबको इपिसेन्टर अफ्रिका'

**काठमाडौं, एजेन्सी-** विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) ले कोरोना भाइरसको नयाँ इपिसेन्टर अफ्रिका बन्नसक्ने चेतावनी दिएको छ ।

डब्लुएचओले कोरोना भाइरसको महामारीबाट अफ्रिकामा कम्तीमा पनि तीन लाख मानिसको जीवन जोखिममा पर्नसक्ने चेतावनी दिएको हो ।

संयुक्त राष्ट्र संघले कोरोना महामारीले अफ्रिकामा मात्रै करिब तीन करोड मानिसलाई गरिबीको रेखामुनि धकेल्ने सम्भावना रहेको जनाएको छ ।

अफ्रिकामा पछिल्ला केही सातामा कोरोना भाइरस संक्रमितको संख्यामा तीव्र वृद्धि भएको छ । अफ्रिकामा १ हजार २० जनाको मृत्यु भइसकेको छ भने २० हजार ४ सयभन्दा बढी संक्रमित भइसकेका छन् ।

अफ्रिका महादेशमा सबैभन्दा बढी इजिप्टमा २ हजार ८४४ संक्रमित भएका छन् भने दक्षिण अफ्रिकामा २ हजार ७८३ जना संक्रमित रहेका छन् । तर सबैभन्दा बढी मृत्यु अल्जेरियामा भएको छ । त्यहाँ ३६४ जनाको मृत्यु भएको छ भने २ हजार ४१८ जना संक्रमित भएका छन् ।



राष्ट्रसंघीय आर्थिक कमिसनले कोरोना महामारीका कारण तीन लाख मानिसको मृत्यु हुनसक्ने चेतावनी दिँदै महामारी नियन्त्रणका लागि एक खर्ब डलर भन्दा बढी बजेट आवश्यक पर्ने जनाएको छ ।

अफ्रिकामा राजधानीभन्दा बाहिरी ग्रामीण क्षेत्रमा संक्रमण फैलिदै गएको छ । बाहिरी इलाकामा कोरोना फैलिएमा भयाबह बन्न सक्ने डब्लुएचओको चिन्ता छ । अफ्रिकामा संक्रमण फैलिएमा भेन्टिलेटरको अभाव छ भने अझै पनि त्यहाँका एक तिहाई मानिस पर्याप्त पानीको अभावमा जीवन बिताउन बाध्य छन् ।

अफ्रिकामा सहरी क्षेत्रका करिब ६० प्रतिशत मानिस घना बस्ती र सुकुम्बासी क्षेत्रमा बसोबास गर्दै आएका छन् । कोरोनाको त्रासका कारण अफ्रिकाका धेरै देशमा लकडाउन गरिएको छ ।

# ट्रम्पद्वारा किसानका लागि राहत घोषणा



**न्युयोर्क, एजेन्सी–** संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले किसानका लागि राहत प्याकेजको घोषणा गरेका छन् ।

कोरोनाभाइरसको संक्रमणका कारण मर्कामा परेका किसानहरुलाई सहयोग पुऱ्याउने उद्धेश्यले राहतको घोषणा गरेका हुन् । राष्ट्रपति ट्रम्पले १९ अर्ब अमेरिकी डलर बराबरको राहत घोषणा गरेको समाचारमा जनाइएको छ ।

कुल १९ अर्ब अमेरिकी डलर मध्ये १६ अर्व अहिले नै किसानहरुलाई वितरण गरिने र बाँकी तीन अर्ब खाद्यान्न वितरणका लागि बचत गरिने उनले बताए । 'आज मैले यो घोषणा गर्न चाहन्छु कि, हाम्रो कृषि विभागले १९ अर्ब अमेरिकी डलर बराबरको राहत कार्यक्रम लागु गर्नेछ,' ट्रम्पले भने ।

उनले राहतबाट किसानहरुलाई संकटबाट मुक्त हुन सानो भएपनि सहयोग पुग्ने अपेक्षा गरिएको बताए ।

**जस्तो सीप उस्तै रोजगार**

**मुरव्य रूपमा साउदी अरब, कतार, मलेसिया र कुवेतमा भनेको काम र तोकेको तलबका लागि दक्ष, अर्धदक्ष र अदक्ष कामदार पठाउने सुरक्षित, भरपर्दो र विश्वसनीय म्यानपावर**

OXFORD International

नेपाल सरकारबाट श्रम इजाजतपत्र नं. ९१०/०६७/०६८

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**

जावलाखेल (नेसनल क्यान्सर अस्पतालसँगै), ललितपुर

फोन नं. ५५५५६८३, ५५५५५३१, फ्याक्सः ५५५५७९४

E-mail:info@oxfordint.com.np, oxfordint@wlink.com.np

**वैदेशिक रोजगारमा गुणस्तरीय सेवा र गुणस्तरीय रोजगारीका लागि विगत १८ वर्षदेखि सञ्चालित यस कम्पनीमा सम्पर्क गर्नुहोस ।**

Pasa INTERNATIONAL PVT. LTD.

Kupondol, Lalitpur, Tel: 5539331, 5554499
Web: www.pasainternational.com.np
Email: pimt@pasa.wlink.com.np
pimt@pasainternational.com.np

श्रम इजाजत पत्र नं. ११६/०५५/५६

# फागुन र चैतको विद्युत महशुल बैशाखमा तिरे जरिवाना नलाग्ने

**मध्यान्ह संवाददाता**
काठमाडौं, ६ बैशाख

नेपाल विद्युत प्राधिकरणले गत फागुन र चैतको विद्युत महसुल यही वैशाखभित्र तिरेमा जरिवाना नलाग्ने व्यवस्था गरेको छ । निर्धारित समयभित्र भुक्तानी नगरेमा जरिवाना लाग्ने व्यवस्था भएकोमा नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयअनुसार, फागुन र चैत महिनाको महसुल वैशाखभित्र तिरेमा जरिवाना छुट दिने निर्णय भएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिए । उनले लकडाउनको अवधि लम्बिएमा सोहीअनुसार समयावधि पनि थप हुने स्पष्ट परेका छन । कोरोना भाईरसका कारण अर्थतन्त्रमासमेत गम्भीर असर परेको वर्तमान अवस्थामा मन्त्रिपरिषद्को १६ चैतको बैठकले उपभोक्ताहरुलाई विद्युत् महशुल तथा विलम्बवापत लाग्ने जरिवाना एवं अतिरिक्त शुल्क छुट दिने निर्णय गरेको थियो । सोही निर्णयलाई कार्यान्वयन गर्न ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री वर्षमान पुनको अध्यक्षतामा बसेको प्राधिकरण संचालक समितिको चैत २५ गतेको बैठकले जरिवाना छुट दिने निर्णय गरेको हो ।




मन्त्री पुनले अनलाइनबाट तिर्न सक्नेले महसुल तिरेर प्राधिकरणको वित्तीय जोखिम न्यूनिकरणमा सहयोग गरिदिनसमेत आग्रह गरेका छन । 'लकडाउनको विषम परिस्थितिका कारण सिंगल फेज मिटर रहेका घरायसी ग्राहकको घरघरमा गएर मिटर रिडिङ गर्न सकिरहेका छैनौं, ग्राहकहरुले अघिल्लो महिनामा तिरेको रकम बराबरको महसुल प्राधिकरणका आय संकलन गर्न स्वीकृति प्राप्त विभिन्न ८ वटा अनलाईन सेवाप्रदायकमार्फत भुक्तानी गर्न सक्नुहुन्छ', घिसिङले भने, ' लकडाउन खुल्ला भएर अवस्था सामान्य बनेपछि मिटर रिडिङ गरी ग्राहकले अहिले तिर्नु भएको रकममा समायोजन गरिने छ ।' घिसिङले लकडाउनको अवस्थामा ग्राहकलाई नियमित र भरपर्दो विद्युत् सेवाउपलब्ध गराउन प्राधिकरण लागिरहेको बताए । दैनिक संचालन खर्च, खरिद गरिएको विद्युत्को भुक्तानीलगायतलाई रकम आवश्यक पर्ने भएकाले प्राधिकरणले अनलाईनमार्फत भए पनि बिद्युतको भुक्तानी गर्न ग्राहकलाई आग्रह गरिएको छ । समयमा भुक्तानी संकलन नहुँदा प्राधिकरणको न्यूनतम सेवा प्रवाहका लागि खर्च नै नपुग्ने गरी नगद प्रवाह जोखिम आउन सक्ने भएकाले यस्तो सम्भावित अवस्था आउन नदिन अनलाइनमार्फत महसुल भुक्तानीका लागि प्राधिकरणले आग्रह गरेको हो । प्राधिकरणले चैत र वैशाखको महशुल आगामी ६ जेठभित्रमा भुक्तानी गरेमा २ प्रतिशत छुट पाउने थप व्यवस्थासमेत गरेको छ । यसअघि यस्तो छुट सुविधा विलिङ भएको एक हप्ताभित्रमा महसुल तिरेमा मात्रै पाउने व्यवस्था थियो । प्राधिकरणले वर्तमान अवस्थामा ग्राहकको घरघरमा गई मिटर रिडिङ गर्न सक्ने अवस्था नरहेकोले सिंगल फेज ग्राहकहरुको चैत्र र वैशाखको विल फागुनको विलअनुसार नै गर्नेछ भने थ्रि फेज मिटर जडान भएको ग्राहकको हकमा सम्भवभएसम्म मिटर रिडिङ गरेर वास्तविक विल गर्नेछ । सिंगल फेज ग्राहकहरुको यी महिनाहरुको विल पछि वास्तविक रिडिङ गर्दा फरक पर्न गएमा सोहीअनुसार विलमा मिलान गरिने छ । मन्त्रिपरिषद्को निर्णयकाआधारमा प्राधिकरणले ग्राहस्थ (सामुदायिक समेत) वर्गका १५० युनिटसम्म विद्युत् खपत गर्ने ग्राहकको हकमा गत चैत्र र यही बैशाखको विलको इनर्जी शुल्क (न्युनतमशुल्कबाहेक) मा २५ प्रतिशत छुट दिने निर्णयसमेत गरेको छ । चैत्र महिनाको यस्तो छुट रकम विल नतिरेको ग्राहकको हकमा विलमा नै मिलाउने छ भने विल तिरिसकेका ग्राहकको हकमा वैशाखको विलमा मिलान गरिनेछ ।

# बेलहियाको अध्यागमन कार्यालय सुनसान

**कमल रायमाझी/नरेश केसी रासस**
काठमाडौं, ६ बैशाख

पैदलमार्गबाट नेपालमा सवैभन्दा धेरै विदेशी पर्यटक भित्रिने बेलहियाको अध्यागमन कार्यालय अहिले सुनसान देखिएको छ । सरकारले गरेको बन्दाबन्दीका कारण २५ दिनदेखि उक्त कार्यालय बन्द भएपछि नेपाल- भारत सीमा क्षेत्रमा आवतजावत ठप्प भएको छ । सुनौली नाकाबाट दैनिक हजारौँ पर्यटक भारत र तेस्रो मुलुकबाट नेपाल आउने गर्थे ।




सिद्धार्थनगर नगरपालिका वडा नं १ स्थित सो कार्यालय सुनसान भएपछि यहाँबाट दैनिक गुजारा चलाउनेहरूमा चरम निराशा देखिएको छ । सीमानाका बेलहियामा गुजराती समाज सार्क टुर एण्ड ट्राभलका सञ्चालक श्रीचन गुप्ताले नेपालमा विभिन्न पर्यटकियस्थल घुमाएर जीवन चलाइरहेको उल्लेख गर्दै अहिले आफू बेरोजगार हुनुपरेको गुनासो गरे । उनका ६ कर्मचारीसमेत पर्यटकको आगमन बन्द भएपछि फुर्सदिला छन् । गुप्ता भन्छन, 'कर्मचारीको परिवारलाई सहयोग गर्ने जिम्मासमेत मेरो हो तर अहिले धेरै अप्ठेरो भएको छ ।'

गौतमबुद्धको जन्मस्थल लुम्बिनीको मैलवारमा रहेको एञ्जल होलिडे ट्राभल एण्ड टुरका सञ्चालक प्रकाश भट्टराईले पनि बन्दाबन्दीपछि गुप्ताको जस्तै अवस्था भोग्नुपरेको छ । सधैं रमाइलो गर्न आउने आन्तरिक तथा विदेशी पर्यटकलाई लुम्बिनी घुमाउने र धार्मिक पर्यटकलाई गुम्बाका विषयमा जानकारी दिन व्यस्त भट्टराईले अहिले पेशा संकटमा परेको बताए ।

रूपन्देही जिल्लामा १०३ ट्राभल कम्पनीमा ५०० भन्दा वढी कर्मचारी कार्यरत छन् । सबैको अवस्था गुप्ता र भट्टराईको जस्तै रहेको नेपाल एशोशियशन अफ टुर एण्ड ट्राभल एजेण्ट (नाटा) का प्रदेश नम्बर ५ का महासचिव चन्द्र थापाले जानकारी दिए । प्रदेश नम्बर ५ मा १५० भन्दा बढी ट्राभल एजेन्सी र त्यसमा ७०० भन्दा बढी कर्मचारी कार्यरत छन् । 'बन्दाबन्दीपछि सबै घरभित्र बस्नु परेको छ,' सोटो नेपाल लुम्बिनीका अध्यक्ष सञ्जय बजिमय भन्छन । उनले विशेष व्यवस्था गरेर बन्दाबन्दीपछि व्यवसायीलाई पुरानो अवस्थामा फर्काउनका लागि पहल गर्न सरकारसँग आग्रह गरे । प्रदेश नम्बर ५ का उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री लीला गिरीले नेपालको पर्यटन क्षेत्रको मात्र नभएर यो समस्या अन्तराष्ट्रिय समस्या भएको उल्लेख गर्दै कोरोना भाइरसको प्रकोपबाट मानव जगत्को सुरक्षा गर्नु एक मात्र विकल्प बन्दावन्दी भएको जानकारी दिए ।

भारत र तेस्रो मुलुकबाट बेलहिया नाका हुँदै वार्षिक रूपमा आउने पर्यटकको सङ्ख्या ठूलो रहेको छ । सन् २०१९ मा राहदानी बोकेर आउने तेस्रो मुलुकका पर्यटकको सङ्ख्या एक लाख ६१ हजार भएको अध्यागमन कार्यालय भैरहवाको तथ्याङ्कमा देखिएको छ ।

सन् २०२० मार्च महिनामा मात्र राहदानी बोकेर आउने तेस्रो मुलुकका पर्यटकको सङ्ख्या २८ हजार ७८१ रहेको अध्यागमन कार्यालय बेलहियाका प्रमुख गिरिराज खनालले जानकारी दिए । भारतीय पर्यटक भने दैनिक करीब पाँच हजार आउने गरेका छन् ।

# कर्णालीमा युवा स्वरोजगार व्यावसायिक परियोजना तयार

**काठमाडौं/मस**-कर्णाली प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यहाँका २९ हजार युवालाई स्वरोजगार दिने अर्ग्यानिक कृषि व्यावसायिक परियोजना तयार गरेको छ ।

आगामी आव २०७७/०७८ देखि युवा केन्द्रित हुनेगरी कृषि मन्त्रालयले 'अर्ग्यानिक कृषि व्यावसायिक स्वरोजगार परियोजना' बनाएको हो । मन्त्रालयले कर्णाली प्रदेशका १० जिल्लाका ७९ स्थानीय तहका ७१८ वडापालिकाका २८ हजार ७२० युवा स्वरोजगार हुनेगरी अर्ग्यानिक कृषि व्यावसायिक परियोजना बनाएको कर्णाली प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विमला केसीले जानकारी दिए ।

"कर्णाली सरकारले यो प्रदेशलाई अर्ग्यानिक बनाउने लक्ष्यका साथ अभियान शुरु गरिसकेको छ", रासससँगको कुराकानीमा मन्त्री केसीले भने, "युवा लक्षित 'अर्ग्यानिक कृषि व्यावसायिक स्वरोजगार परियोजना' प्रदेश सरकारको यो अभियानमा कोसेढुङ्गा सावित हुनेछ ।" यसका लागि सङ्घीय सरकारसँग रु छ अर्ब ४६ करोडको प्रस्ताव गरिएको उनले बताए ।

यस विषयमा सङ्घीय सरकारका कृषि तथा पशुपक्षी विकासमन्त्री घनश्याम भुसालसँग कुरा भएको मन्त्री केसीले जानकारी दिए । सातै प्रदेशका कृषि मन्त्रीबीच शुक्रबार भएको भर्चुअल बैठकमा पशुपक्षी विकासमन्त्री भुसालले कर्णाली प्रदेशको उक्त योजना निकै राम्रो भएको भन्दै त्यसका लागि सङ्घीय सरकारका तर्फबाट आवश्यक सहयोग गर्ने वचन प्राप्त भएको मन्त्री केसीले जनाए ।

स्थानीय तहको एउटा वडाका ४० जना युवालाई स्वरोजगार दिनेगरी बनाइएको यो परियोजनाले यहाँको बाँझो जमिनको प्रयोग र युवा पुस्ता पलायनमा कमी आउने कर्णाली प्रदेश योजना आयोगका सदस्य डा दीपेन्द्र रोकायले बताऐ । आयोगका सदस्य डा रोकायले भने, "अर्ग्यानिक कृषि व्यावसायिक स्वरोजगार परियोजना'को प्रभावकारी कार्यान्वयन हुन सक्नुपर्छ, कर्णाली कृषिमा आत्मनिर्भर र अर्ग्यानिक प्रदेश निर्माणको लक्ष्यबिन्दुमा पुग्छ ।"

उक्त मन्त्रालयका सूचना अधिकारी धनबहादुर कठायतले जुम्ला तथा सुर्खेतमा प्रादेशिक शीतगृह जैविक विषादी उत्पादन प्रयोगशाला तथा दाना उद्योग निर्माण, सिँचाइ र विदेशबाट फर्किएका तथा कोरोना प्रभावित युवा लक्षित हुनेगरी बाँझो जमिन उपयोग तथा चक्लाबन्दीको कार्यक्रम बनाएर सङ्घीय कृषि तथा पशुपक्षी विकास मन्त्रालयमा प्रस्ताव पठाउन थालिएको बताए ।

सूचना अधिकारी कठायतका अनुसार कृषि मन्त्रालयले निर्माण गरेका परियोजना र कार्यक्रमले प्रदेश सरकारले लिएको आत्मनिर्भरताको नीति र अर्ग्यानिक प्रदेश निर्माणको सपना एवं अभियान पूरा हुने जनाए । विश्वव्यापी प्रकोप बन्दै गएको 'कोभिड-१९' बाट चालू आवमा केही नभए पनि आगामी आर्थिक वर्षबाट यहाँको कृषि तथा पशुपक्षी विकासमा अपेक्षित प्रगति देखाउने नीति, योजना तथा कार्यक्रम प्रदेश सरकारले बनाएको उनको भनाइ थियो ।

# प्रदेश सरकारद्वारा पालिकालाई डेढ करोड सहयोग

सुदूरपश्चिम प्रदेश सरकारले यहाँका १० वटै स्थानीय तहमा रु एक करोड ५० लाखभन्दा बढी पठाएको छ । जारी लकडाउनका कारण समस्या परेका नागरिकलाई राहत दिनका लागि रु एक करोड ६० लाख ३० हजार पठाएको हो ।

मन्त्रिपरिषद् बैठकले केही दिनअघि गरेको निर्णयअनुसार असहाय, गरिब, विपन्न र ज्यालादारी गुमाएका परिवारलाई राहत दिनका लागि प्रदेश सरकारले रकम पठाएको प्रदेशसभा सदस्य लीलाधर भट्टले जानकारी दिए । प्रदेश सरकारले विपन्न, गरिब, असहाय र ज्यालादारी गुमाएका परिवारलाई प्रतिपरिवार तीन हजारका दरले राहत दिने निर्णय गरेको थियो ।

सोही निर्णयअनुसार दशरथचन्द नगरपालिकामा रु २० लाख, दोगडाकेदार गाउँपालिकामा रु १६ लाख, पुर्चौंडी नगरपालिकामा रु २६ लाख २० हजार, पाटन नगरपालिकामा रु १७ लाख २० हजार र मेलौली नगरपालिकामा रु १३ लाख ७० हजार राहत रकम पठाइएको छ ।

# कास्कीमा २१ हजार परिवारलाई राहत वितरण

**काठमाडौं/मस**-कोरोना भाइरसको सङ्क्रमण रोक्न सरकारले आह्वान गरेको लकडाउनका कारणले प्रभावित जिल्लाका २० हजार ८९७ परिवारलाई राहत विरतण गरिएको छ । जिल्लाका चार स्थानीय तहले वडा कार्यालयमार्फत लकडाउनबाट प्रभावित साँझ बिहान चुलो बाल्न असमर्थ दैनिक ज्यालादारी मजदुर, श्रमिक तथा असाहाय परिवारलाई राहत वितरण गरेका हुन् ।

भौगोलिकरूपमा देशकै सबैभन्दा ठूलो पोखरा महानगरपालिकाले ३३ वटै वडामार्फत १९ हजार २२० परिवारलाई राहत प्रदान गरिएको जनाएको छ । लकडाउनपछि अतिविपन्न, दैनिक ज्यालादारी गरेर जीविकोपार्जन गर्नेको चुलो निभ्न नदिन लाभग्राही छनोट गरी राहत वितरण गरिएको बताइन्छ । महानगरले चार वा सोभन्दा बढी सङ्ख्या भएको परिवारलाई फूल प्याकेज र तीन जनाको परिवारलाई आधा प्याकेज राहत उपलब्ध गराएको छ ।

त्यसैगरी लकडाउनको समयमा खाद्यान्नको अभावमा महानगरपालिकाभित्र कोही पनि भोकभोकै नपरुन् भनेर पोखरा महानगरपालिकाले 'क्विक रेस्पोन्स' टोली बनाएर राहत वितरणसमेत शुरु गरेको छ । राहत दिन महानगरले रु दुई करोड जम्मा गरेर कोष स्थापना गरेको छ भने प्रदेश सरकारले रु एक करोड उपलब्ध गराएको छ । महानगरको कोषमा निजी क्षेत्रबाट समेत अहिले रु ३० लाख जम्मा भइसकेको छ । जिल्लाको मादी गाउँपालिकाले पहिलो चरणमा ६५२ परिवारलाई राहत वितरण गरेको छ । राहतमा प्रतिपरिवार २५ केजीको एक बोरा चामल, दाल, चिनी र नुन एक केजीका दरले रु दुई हजार बराबरको खाद्यान्न वितरण गरिएको गाउँपालिका अध्यक्ष बेदबहादुर गुरुङले जानकारी दिए । गाउँपालिकाले चुलो बाल्न असमर्थ परिवारलाई राहत दिन रोकथामका लागि रु १० लाख बजेट विनियोजन गरेर प्रकोप व्यवस्थापन कोष खडा गरेको थियो । मादीमा राहतका लागि सुपर मादी हाइड्रोले रु १२ लाख ७६ हजार बराबरको खाद्यान्न सहयोग गरेको थियो ।

माछापुच्छ्रे गाउँपालिकाले ६२५ विपन्न परिवारलाई राहत वितरण गरेको छ । विपन्न र ज्यालादारी मजदूरका परिवारलाई राहत वितरण गरिसकिएको गाउँपालिका अध्यक्ष कर्ण बहादुर गुरुङले जानकारी दिए । पाँच जना सदस्य रहेको परिवारलाई ३० केजीको एक बोरा चामल, दुई केजी दाल, एक लिटर टेल, एक पोका नून, एक पोका बेसार तथा साबुनको 'फुल प्याकेज' विरतण गरिएको बताइन्छ । त्यसैगरी दुई सदस्य रहेको परिवारलाई १५ केजी चामल, एक केजी, दाल, तेल, नून र बेसारको 'हाफ प्याकेज' उपलव्ध गरिएको बताइन्छ । पाँच जना भन्दा बढी भएको परिवारलाई 'डेढ प्याकेज' प्रदान गरिएको छ ।

राहतका लागि प्रदेश सरकारले उपलब्ध गराएको रु पाँच लाख तथा गाउँपालिकाले स्थापना गरेको रु २५ लाख बजेटको विपद् व्यवस्थापन कोषबाट राहत वितरण भइरहेको बताइन्छ । गाउँपालिकाले स्थापना गरेको कोषमा हाल विभिन्न व्यक्ति तथा संस्थाबाट सहयोग जम्मा भइरहेको छ ।


**मैथली भाषामा**

**हमरा सवलेल जिम्मेवारी, कोराना भाइरस संक्रमण रोकल्लेल अपनाऊ होशियारी:**

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसऽ फैलऽवला संक्रमण अइछ ।
- संक्रमित भेल व्यक्तिसऽ खोकला आ छिँकलासऽ निकलैवाला थुक आ पोटाके माध्यमसऽ यी भाइरस एक व्यक्ति सऽ दोसर व्यक्तिमे फैलइछेइ ।

**यी रोगसऽ बचकेलेल कि करऽ परतई ?**

- खोकैत आ छिँकैत काल नाक, मुख झँपु , आ प्रयोग क्यालगेल टिसूपेपरके तुरन्त कुडा फेकवाला कुडादानीमे फेकू ।
- समय समयमे सावुन पाइनसऽ निकसऽ मैलमैलकऽ हात धोऊ । आ सनिटाइजर हातमे लगाऊ । ककरोसऽ भेटैछि त हात नैमिलाऊ । मात्र नमस्कार, चाहे प्रणाम करु ।

**आ, कि नइ करैक चाही ?**

- खोकी लागल आदमीसऽ दुरी बनाकऽ रहु । आ अगर अपनहूके खोकी लागल अइछ त दोसर आदमीसऽ दुर रहु । भीडभाडमे नइजाऊ आ दोसोरो लोग सबके भीडभाडमे नइजाऊ से कहिके बुझाऊ ।

**आरो ध्यान देववाला बात:**

- बोखार लगलापर, खोकी भेलापर, आ स्वाँस लेलापर दिकत भेलापर जल्दिसऽ लगके स्वास्थ्य संस्थामे सम्पर्क करु ।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नइलागैवाला टेलिफोन नं. १११५ मे फोन कऽ सकैछि ।
- डेराऊ नईं सतर्क रहू ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरुलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**